बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यलय

जयगढ, अछाम

सुदूर पश्चिम प्रदेश, नेपाल

बैठक संख्या:-०२

आज मिति २०८२ गते असोज १० गते शुक्रवारका दिन बिहान ८:०० बजे बान्नीगढी जयगढ गाउँपालिकाका अध्यक्ष श्री टेक बहादुर साउँदज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

तपसिल

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टेक बहादुर साउँद | अध्यक्ष | |
| २ | श्री बिन्दु रावल | उपाध्यक्ष | |
| ३ | श्री गजेन्द्र बहादुर खड्का | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ४ | श्री नेत्र बहादुर साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ५ | श्री नवराज साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ६ | श्री किरण बहादुर खत्री | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ७ | श्री टंक बहादुर साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ८ | श्री जगत बहादुर थापा | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ९ | श्री तुलसी थापा | कार्यपालिका सदस्य | |
| १० | श्री ललिता देवी स्वार | कार्यपालिका सदस्य | |
| ११ | श्री पदमा साउँद | कार्यपालिका सदस्य | पद्मा |
| १२ | श्री पशुपति कुमारी लुहार सुनार | कार्यपालिका सदस्य | पशुपति |
| १३ | श्री तर्क टमट्टा | कार्यपालिका सदस्य | |
| १४ | श्री मोहनलाल ताम्राकार टमट्टा | कार्यपालिका सदस्य | |
| १५ | श्री बसन्त बहादुर रावल | नि.प्र.प्र.अ./ सचिव | |

आमन्त्रित:-

१. श्री सनक रेग्मी — अधिकृत सातौं
२. श्री दिपेन्द्र साउद — अधिकृत छैटौं
३. श्री विरे मुखिया — सहायक चौथो
४. श्री मनोज साउद — खेलकुद प्राविधिक

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या:- ०२

---

<u>प्रस्तावहरु:-</u>

१. खेलकुद सञ्चालन सम्बन्धमा।

२. संस्था दर्ता कार्यविधी सम्बन्धमा।

३. स्थानीय बिदा सम्बन्धमा।

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या:- ०२

**निर्णयहरु:-**

**निर्णय नं. १:-** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२/६/३ गतेको बैठकको निर्णयानुसार गाउँपालिका स्तरीय तेस्रो अध्यक्ष कप खुला पुरुष भलिबल प्रतियोगिता मिति २०८२/६/२७ गते सञ्चालन गर्ने निर्णय भएकोमा यस गाउँपालिकाको आ.व.२०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत गाउँपालिका स्तरीय तेस्रो अध्यक्ष कप खुला पुरुष भलिबल प्रतियोगिता कार्यक्रम कार्यान्वयनका लागी गाउँपालिका भित्र सक्रिय रहेका युवा क्लबहरु मध्येबाट सञ्चालन गराउने छलफल अनुसार युवा क्लबहरुबाट प्रस्तावना पेस गर्नका लागी ७ दिनको सूचना प्रकाशन गर्ने र अर्को गाउँ कार्यपालिकाको बैठकबाट पेस भएका प्रास्ताव मध्येबाट उपयुक्त इच्छुक युवा क्लबलाई छनोट गरी विनियोजित बजेटको सिमा भित्र रही गाउँपालिकाको आर्थिक सहयोग र छनोट भएको युवा क्लबको समन्वय, सहजिकरण र व्यवस्थापन हुने गरी सम्झौता गर्ने तथा खेलकुदको जिम्मेवारी दिने गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. २:-** प्रस्ताव नं. २ माथि छलफल गर्दा यस बान्नीगढी जयगढ गाउँपालिकामा संस्था/ क्लब दर्ता तथा नविकरणका लागी कार्यविधी आवश्यक भएकोले सो सम्बन्धी कार्यविधी तयार गरी आगामी गाउँ कार्यपालिकाको बैठकमा निर्णयार्थ पेस गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ३:-** प्रस्ताव नं. ३ माथि छलफल गर्दा बान्नीगढी जयगढ गाउँपालिकाको महत्वपूर्ण चाडपर्व मध्ये वडा नं. ४ तिमिल्सैनमा हरेक वर्ष असोज शुक्ल चतुर्दशीमा सैनिगडा मेला लाग्ने गरेको तथा यस वंर्ष पनि असोज शुक्ल चतुर्दशी मेला लाग्ने भएको हुँदा यही असोज २० गतेका दिन बान्नीगढी जयगढ गाउँपालिका भित्रका सबै सरकारी तथा सार्वजनिक कार्यालयहरुमा स्थानीय सार्वजनिक बिदा दिने निर्णय पारित गरियो ।